आज मिति २०७३ साल भाद्र २७ गतेका दिन यस रत्ननगर न.पा. को बोर्ड बैंठक निमित्त कार्यकारी अधिकृत श्री सीताराम पोखरेल ज्यूको अध्यक्षतामा देहायका शाखा प्रमुखहरुको उपस्थितिमा बस्यो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| १. | आर्थिक प्रशासन शाखा प्रमुख श्री सीताराम पोखरेल, र.न.पा. कार्यालय | द |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| २. | योजना शाखा प्रमुख ई.श्री प्रकाशचन्द्र ढुङ्गाना, र.न.पा. कार्यालय | द |
| ३. | प्रशासन शाखा प्रमुख श्री उर्मिला तमाङ्ग दाहाल, र.न.पा. कार्यालय | द |
| ४. | भूकम्प सुरक्षा तथा नक्सा शाखा, ई.श्री राजु अर्याल, र.न.पा. कार्यालय | द |
| ५ | आ.ले.प. शाखा प्रमुख, श्री राजेश गुरुङ्ग, र.न.पा. कार्यालय | द |
| ६. | खरिद तथा जिन्सी व्यवस्थापन प्रमुख, श्री नवराज तिवारी, र.न.पा. कार्यालय | द |
| ७ | राजश्व प्रशासन प्रमुख, श्री पुष्पराज आचार्य, र.न.पा. कार्यालय | द |
| ८. | सूचना शाखा प्रमुख श्री लिलानाथ अर्याल, र.न.पा कार्यालय | द |
| ९. | ने.न.क.ए. इकाई समिति रत्ननगरका प्रतिनिधी उपाध्यक्ष श्री शंकर गिरी | द |

**निर्णय :**

**निर्णय नं.१:** २०७३ सालको वडा दशैं तथा दिपावलीको उपलक्ष्यमा रत्ननगर नगरपालिका क्षेत्रभित्रका सडकवत्ति व्यवस्थापनको लागि विधुत सामाग्री सप्लाई गर्न यस कार्यालयमा नियमानुसार सूचीकृत भएका ईच्छुक फर्म कम्पनी, सप्लायर्सबाट सूचना प्रकाशित भएको मितिले ७(सात) दिनभित्र घटाघट प्रकृयामा प्रति इकाई मुल्यको दर सहित सिलवन्दी दरभाऊ पत्र आव्हान गर्न मिति २०७३।०५।२९ गते सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** आ. व. २०७२।०७३ को सामाजिक परीक्षणको लागि प्रस्ताव माग गरिएकोमा एकाण्टविलिटी ईनिसियटिभ प्रा. लि., ववरमहल १, कन्सल्टेन्सी फर एप्लाईड एण्ड ईनोभेटिभ रिसर्च प्रा. लि. नागार्जुन, काठमाण्डौं १ र एस.एण्ड एस. डेभलपमेन्ट कन्सल्टेन्सी प्राईभेट लि., ववरमहल, काठमाण्डौ १, को प्रस्ताव पेश हुन भएकोमा सवैभन्दा उचित प्रस्ताव र रकम रु. १,९९,४७३।- (एक लाख उनान्सय हजार चारसय त्रिहत्तर मात्र) पेश गर्ने एकाण्टविलिटी ईनिसियटिभ प्रा. लि., ववरमहलको प्रस्ताव यस न. पा. को वार्षिक वजेटमा भ्याट सहित रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र) दिन सकिने भएकोले उल्लेखित रकममा कार्यक्रम गर्न मन्जुर भएमा, स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** आ. व. २०७२।०७३ को वार्षिक प्रगति समिक्षा मिति २०७३।०६। १७ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** आ. व. २०७३।०७४ को यूवा तथा खेलकुद विकास कार्यक्रम शिर्षकबाट व्यय हुने गरी तपसिल वमोजिम संघ संस्थाहरुलाई देहाय अनुसार खेलकुद विकासको लागि सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

क. नेपाल दरै उत्थान समाज , जिल्ला समिति, चितवनलाई रु. १५,०००।- (पन्ध्र हजार मात्र)

ख मिलनसार यूवा क्लव, बछौली, चितवनलाई रु. १०,०००।- (दश हजार मात्र) ।

ग न्यू हरियाली यूवा क्लव, रत्ननगर १० लाई रु. ८,०००।- (आठ हजार मात्र) खेलकुद सामाग्री

**निर्णय नं. ५** पारालिगल कमिटी, बछौलीको माग वमोजिम बैठक संचालन खर्च तथा यातायात खर्च वापत न. पा. को आ. व. २०७३।०७४ संघ संस्था साझेदारी शिर्षकबाट रु. १०,०००।- (दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** आकृति महिला वचत तथा ऋण सहकारी संस्था लि. रत्ननगर, चितवनको पत्रानुसार सरसफाईमा महिलाहरुको भूमिका विषयक समुहस्तरीय बृहत गीत प्रतियोगिताको लागि आ. व. २०७३।०७४ को EFLG अन्तर्गत सरसफाई वातावरण सम्बन्धि जनचेतनामुलक कार्यक्रम शिर्षकबाट रु. १५,०००।- (पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७:** आदिवासी महिला समुह, रत्ननगर ४ लाई वातावरण सम्बन्धि थारु झाम्टा नृत्य प्रतियोगिताको लागि आ. व. २०७३।०७४ को EFLG अन्तर्गत सरसफाई वातावरण सम्बन्धि जनचेतनामुलक कार्यक्रम शिर्षकबाट रु. १५,०००।- र जितिया पर्वको अवसरमा कला संस्कृति जर्गेना शिर्षकबाट रु. ५,०००।- गरी जम्मा रु. २०,०००।- (बीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८** थारु महिलाहरुको महान चाड जितिया पर्वको अवसरमा निम्न वमोजिम संघ संस्थाहरुलाई आ. व. २०७३।०७४ को कला, संस्कृति जगेर्ना शिर्षकबाट व्यय हुने गरी निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

क. दिव्य ज्योति महिला थारु उपभोक्ता समुह, रत्ननगर ४ लाई रु. ५,०००।- (पाँच हजार मात्र)

ख. प्रभात, प्रकाश तथा प्रगति महिला समुह, रत्ननगर ३ लाई रु. ५,०००।- (पाँच हजार मात्र)

ग झुवानी थारु महिला समुह, रत्ननगर १९ लाई रु. ५,०००।- (पाँच हजार मात्र)

घ. थारु महिला समुह, रत्ननगर १ लाई रु. ५,०००।- (पाँच हजार मात्र)

ङ भजन किर्तन आमा समुह, रत्ननगर ४ लाई विभिन्न बाद्य सामाग्रीहरु खरिदका लागि रु. १२,०००।- (बाह्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

च रत्ननगर न. पा. वडा नं. ५ का थारु महिला समुहको लागि रु. ५,०००।- (पाँच हजार मात्र)

**निर्णय नं. ९:** थारु कल्याणकारिणी सभा क्षेत्र नं. ८ को माग वमोजिम जितिया पर्वको अवसरमा आदिवासी महिला समुदायहरुको कला, संस्कृति जर्गेना शिर्षकबाट रु. ५०,०००।- (पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।